STUDY JAPAN
६ महिना tuition fees & Hostel गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware सँगै)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
# गोल्डेन न्यूज
Golden News National Daily
❍वर्ष ५ ❍अंक २१५ ❍श्रेणी 'क' ❍२०७१ वैशाख ३० गते मंगलबार ❍ 13 May, 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✔दक्ष तथा अनुभवी प्रशिक्षक ।
✔EPS-TOPIK परिक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✔सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✔FREE books with cd
✔Regular class/ Mock test
✔समुहमा आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

## जनता र पार्टीको सम्बन्ध सुदृढ बनाउन मेची–महाकाली जागरण अभियान–पौडेल

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २९ वैशाख ।**

नेपाली काँग्रेसका उपसभापति एवं पार्टी केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख रामचन्द्र पौडेलले पार्टी सत्तामा गएको बेला जनता र पार्टीको सम्बन्ध सुमधुर बनाउन मेची महाकाली जागरण अभियान चलाइएको बताएका छन् ।

गत चैत्र १६ देखि शुरु भएको मेचीकाली जागरण अभियान अर्न्तगत अञ्चल स्तरीय प्रशिक्षक प्रशिक्षणपछि स्थानीय स्तरमा भैरहेको प्रशिक्षण कार्यक्रमको अनुगमन अर्न्तगत तराईका विभिन्न जिल्लामा सोमबार आयोजित बेग्लाबेग्लै कार्यक्रममा उपसभापति पौडेलले प्रशिक्षण अभियानले पार्टी र सरकार दुवैलाई पूर्ण सहयोग पुगेको धारणा व्यक्त गरे । "प्रशिक्षण अभियानले सरकारलाई असहयोग हैन पूर्ण सहयोग पुगेको छ, मैले पनि प्रधानमन्त्रीलाई भेटेर आवश्यक सरसल्लाह र सुझाव दिएको छु" उपसभापति पौडेलले भरे । उनले राजनीतिक दलहरुको सहमति र सहकार्यमा एकवर्षभित्रमै लोकतान्त्रिक संविधान मुलुकले पाउने विश्वास व्यक्त गरे । उपसभापति पौडेलले आजै कपिलवस्तुको चन्द्रौटा, दाङको भालुवाङ र लमही, बाँकेको कोहलपुर र बर्दियामा आयोजित पार्टीका कार्यक्रममा सहभागी हुनुका साथै सो क्षेत्रमा भैरहेका पार्टी प्रशिक्षणको कार्यप्रगतिबारे जानकारी लिनुभएको उपसभापति पौडेलका सहयोगी चिरञ्जीवी अधिकारीले जानकारी दिए ।

उपसभापति पौडेलले दाङको वनकटिया क्षेत्रमा भएको आगलागीका पीडितलाई आवश्यक राहत एवं क्षतिपूर्ति उपलब्ध गराउन सरकारसँग माग गरे । उपसभापति पौडेलले कैलाली, अछाम, डोटी, डडेलधुरा र बैतडीलगायतका जिल्लामा भइरहेको प्रशिक्षण कार्यक्रमको पनि अनुगमन गर्नेछन् ।

केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानले चैत १६ मा महाकालीबाट सुरु गरेको प्रशिक्षण



सेती, कर्णाली, भेरी, राप्ती, लुम्बिनी, मेची, कोसी, सगरमाथा, जनकपुर, गण्डकी र धौलागिरिमा सकिएको छ । आगामी जेठ ७ देखि ९ गते नारायणी र जेठ १७ देखि १९ गते वाग्मती अञ्चलमा प्रशिक्षण हुँदैछ । प्रतिष्ठानका कार्यकारी निर्देशक एवम् काँग्रेस नेता मधु आचार्यले यी कार्यक्रममा अहिलेसम्म एक हजार १०० भन्दा बढी काँग्रेसका अगुवा कार्यकर्ताले प्रशिक्षण लिइसकेको बताए ।

प्रतिष्ठान प्रमुख एवम् उपसभापति रामचन्द्र पौडेलको सभापतित्वमा शनिबार बसेको प्रतिष्ठानको बैठकले १४ अञ्चलका विभिन्न जिल्ला, क्षेत्र तथा गाउँस्तरमा भइरहेका प्रशिक्षण कार्यक्रमको अनुगमन गर्न केन्द्रीय प्रतिनिधिहरु तोकेको छ । जसअनुसार महाकाली सेतीमा नारायणदत्त मिश्र, छत्र टेलर, श्यामलाल राना थारु, कर्णालीमा धन खतिवडा, भेरीमा गणेशचन्द्र अधिकारी, राप्तीमा नरेन्द्र गुरुङ, लुम्बिनीमा यमलाल तिमिल्सिना र विक्रम खनाल, मेचीमा सुधीरकुमार शिवाकोटी र सरिता प्रसाईं, कोसीमा आनन्दसन्तोषी राई र माधवी कटुवाल छन् ।

त्यस्तै सगरमाथामा मख्तार अहमद र डा राजकुमार राई, जनकपुरमा धर्मेन्द्र झा र नगिना यादव, धौलागिरिमा डा यज्ञ अधिकारी र डा कुसुमाकर न्यौपाने, गण्डकीमा डा जगदीशचन्द्र पोखरेल र जीतप्रकाश आले, नारायणीमा पृथ्वीमान गुरुङ, अजय द्विवेदी, डा विष्णुशङ्कर पौडेल र वाग्मतीमा विनोद कायस्थ र डा राम थपलिया तोकिएको छ ।

## हंसरपुरलाई पनि पूर्ण खोप गाविस घोषणा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**

कास्कीको दक्षिणपूर्वमा अवस्थित हंसपुर गाविसलाई वैशाख आईतबार एक समारोहवीच पूर्ण खोप गाविस घोषणा गरिएको छ ।

गाविस पूर्ण खोप घोषणा कार्यक्रममा बोल्दै प्रमुख अतिथि सभासद जीवन परियारले हंसपुर गाविसको खानेपानी, सडक लगायतका सार्वजनिक विकासको लागि आफ्नो तर्फबाट सक्दो पहल गर्ने बताए । उनले पूर्ण खोप कार्यक्रम घोषणा भएकोमा महिला स्वास्थ्य स्वयंसेविका र सरोकारवाला सबै निकायलाई धन्यवाद ज्ञापन गर्दै सबैको साझा सभासद्को रुपमा काम गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गरे । विशिष्ट अतिथि द्वय पश्चिमाञ्चल स्वास्थ्य निर्देशक डाक्टर रमेशकुमार खरेल र जिल्ला जनस्वास्थ्य कार्यालयका वरिष्ठ प्रशासक रमेशप्रसाद अधिकारीले हंसपुर उप(स्वास्थ्य चौकीलाई स्तरवृद्धि गर्न र बर्थिङ्ग सेन्टर स्थापनाको लागि पहल गर्ने बताए । कार्यक्रममा विशेष अतिथि डब्लुएचओका प्रतिनिधि नरबहादुर कार्की, लेखनाथ उद्योग बाणिज्य संघका अध्यक्ष बाबुराम गिरी, निवर्तमान गाविस अध्यक्ष विजयबाबु बनबासी, नेपाली काङग्रेसका सचिव कृष्ण केसी, सदस्य आनन्द सुवेदी, रामकोट उच्च मावि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कालीदास सुवेदी, एमाओवादी जिल्ला सदस्य निर्मला सुवेदी, नेपाली काङग्रेस गाउ इकाई सभापति गंगाबहादुर गुरुङ, नेकपा एमाले गाउँ कमिटी अध्यक्ष तारानाथ सुवेदी, एनेकपा माओवादी गाउँ कमिटी अध्यक्ष सत्यराज सुवेदी, नेकपा(माओवादी गाउँ कमिटी संयोजक चित्रबहादुर घर्ती, राप्रपा गाउँ कमिटी अध्यक्ष टेकनाथ सुवेदी लगायतले बोलेका थिए ।

उक्त अवसरमा रामकोट उच्चमाविका प्रधानाध्यापक शुक्रराज सापकोटालाई दीर्घ सेवा पदकद्वारा सम्मान गरिएको थियो भने २० जना महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान गरिएको थियो । हंसपुर उपस्वास्थ्यचौकीका सिअहेव झलकनाथ ढुङ्गानाले स्वास्थ्य सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । हंसपुर गाविसका सचिव धर्मदत्त बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन रामकोट उच्च माविका शिक्षक कृष्णराज सुवेदीले गरेका थिए । कार्यक्रममा हंसपुर गाविसका करीव पाँच सय जना नागरिकको सहभागीता रहेको गाविसका सचिव धर्मदत्त बरालले जानकारी दिए । जनगणना अनुसार हंसपुर गाविसमा २ हजार ५४ जना महिला र १ हजार पाँच सय ८१ जना पुरुष गरी जम्मा जनसंख्या ३ हजार ६ सय पैतीस रहेको छ । सोही कार्यक्रममा आयोजना गरिएको खोप सम्बन्धी लोकगीत प्रतियोगीतामा आठ समूहको सहभागीता रहेको थियो । प्रतियोगीतामा प्रथम हुने ठूलबेसी आमा समुहले नगद रू. ३ हजार, द्वितीय हुने हंसपुर-४ का आमा समूहले नगद रू. २ हजार, तृतीय हुने तीजुबोट आमा समुहले नगद रू.१ हजार पाँच सय र सान्त्वना हुने हंसपुर-८ लिपेयानीको समुहले नगद रू. पाँच सय पुरस्कार प्राप्त गरे । साथै अप्रतियोगीको रुपमा महिला स्वास्थ्य स्वयंसेविकाको समूहलाई नगद रू. १ हजार पाँच सय प्रदान गरियो । प्रतियोगीताको मूल्याङ्कन संयोजकमा द्रोणराज सुवेदी रहेका थिए ।

## आमसञ्चार तथा मिडिया नीति समय सान्दर्भिक हुनुपर्ने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**

आमसञ्चार तथा मिडिया नीति समय सान्दर्भिक हुनुपर्ने एक कार्यक्रमका बोल्ने व्यक्ताहरुले बताएका छन् । सोमबार आयोजित अभिव्यक्ति स्वतन्त्रताको अवस्था र त्यसको कार्यान्वयन विषयक सेमिनारका सहभागीले मिडिया सम्बन्धी नीति नियम तथा कानुन समयानुकुल संशोधन तथा परिमार्जित गर्नुपर्ने बताए ।

संयुक्त राष्ट्र संघीय शैक्षिक, वैज्ञानिक तथा सांकृतिक संगठन (युनेस्को), मानवअधिकार पत्रकार संघ (हुर्जा), काठमाडौं र नेपाल पत्रकार महासंघ कास्की शाखाको आयोजनामा भएको कार्यक्रममा पत्रकार सुरक्षा परियोजना युनेस्कोका संयोजक एवं मिडिया अनुसन्धाता लक्ष्मणदत्त पन्तले मिडिया सम्बन्धी कानुन समय सान्दर्भिक परिर्वतन गर्दै लैजानुपर्ने धारणा व्यक्त गरे । कतिपय कानुन पुराना भइसकेका छन्-उनले भने- 'त्यस्ता कानुनलाई समयसापेक्ष बनाउनु आवश्यक छ ।'

नेपालको सञ्चार नीति प्रर्याप्त छैन-पन्तले भने-पुराना कानुन तथा नीतिहरू तत्काल पुनारावलोकन गर्नु आवश्यक छ । सेमिनारमा सहभागी पत्रकारले अभिव्यक्ति स्वतन्त्रताको साथसाथै पत्रकारको सामाजिक सुरक्षाको व्यवस्था हुनुपर्नेमा जोड दिएका थिए । उनीहरूले भौतिक सुरक्षा भन्दा अहिले सामाजिक सुरक्षाको टड्कारो आवश्यकता रहेको बताए ।

नेपाल पत्रकार महासंघका नवनिर्वाचित अध्यक्ष महेन्द्र बिष्टले अभिव्यक्ति स्वतन्त्रता, अन्तराष्ट्रिय मापदण्ड, राष्ट्रिय कानुन र मिडिया विकास विषयक कार्यपत्र प्रस्तुत गर्दै पत्रकारितालाई सृजनात्मक र व्यवसायिक बनाउँदै लैजानुपर्ने आवश्यकता औंल्याए । 'पत्रकारिता समाजको ऐना हो'-अध्यक्ष बिष्टले भने-'सञ्चारमाध्यम जनताप्रति उत्तरदायी र वफादार हुनुपर्छ ।'

युनेस्कोका आरटिआई संयोजक जेबी विश्वकर्माले कार्यक्रममा सूचनाको हक सम्बन्धी कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा हुर्जाका केन्द्रीय अध्यक्ष छत्रशंकरले सहजीकरण गरेका थिए । युनेस्को सहयोग तथा हर्जा कास्कीको संयोजनमा आयोजित उक्त कार्यक्रममा पश्चिमाञ्चलका पत्रकारहरू सहभागी थिए ।

## 'महिला प्रतिनिधि बढाउ'

**काठमाडौं २९ वैशाख ।**

महिला, बालबालिका तथा समाज कल्याणमन्त्री नीलम केसीले राज्यका प्रत्येक निकायमा तेत्तीस प्रतिशत महिला सहभागिता सुनिश्चित हुनुपर्ने बताएका छन् । मिडिया एड्भोकेसी ग्रुप, सञ्चारिका समूह, दिदीबहिनी र साथी संस्थाद्वारा सोमबार आयोजित 'संविधानसभा तथा राज्यका अन्य निकायहरूमा महिला प्रतिनिधित्व सुनिश्चितता' विषयको कार्यक्रममा उनले सरकारले मनोनीत गर्ने २६ सभासद्मा महिला सहभागिता सुनिश्चित हुनुपर्ने र राज्यका सबै निकायमा ३३ प्रतिशत महिला सहभागिता पुऱ्याउनुपर्नेमा जोड दिए । मन्त्री केसीले महिला मन्त्रालयमा महिलाका क्षेत्रमा काम गर्नका लागिसमेत आवश्यक बजेटको कमी रहेको र महिलाका विषय महिलाको मात्र जस्तो गरेर मन्त्रालयलाई कमजोर मन्त्रालयका रुपमा हेरिने गरेको गुनासो राखे । एकीकृत नेकपा (माओवादी) का नेता लीलामणि पोखरेलले कानुनले बाध्यात्मक बनाएको स्थानमा महिलाको सहभागिता राम्रो देखिएको तर बाध्यात्मक नभएको अवस्थामा कमजोर देखिएकाले सबै निकायमा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व कानुनी रुपमा नै बाध्यात्मक बनाउँदै जानुपर्ने जरुरी

बाँकी ३ पृष्ठमा......

## नर्सिङ दिवसमा नर्सिङ होमको रक्तदान

**पोखरा २९ वैशाख ।(गोल्डेन)**

एकसय ९४ औं अन्तर्राष्ट्रिय नर्सिङ दिवस मे १२ को अवसर पारेर पोखराको न्यूरोडमा रहेको पद्म नर्सिङ होममा आयोजित खुल्ला रक्तदान कार्यक्रममा ५० युनिट रगत संकलन भएको छ ।

पद्म नर्सिङ होम र पद्म नर्सिङ होम स्कुल अफ नर्सिङको संयुक्त आयोजनामा सम्पन्न रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेको नेपाल स्वास्थ्यकर्मी तथा कर्मचारी युनियन पद्म नर्सिङ होमका सचिव कृष्ण आचार्यले जानकारी दिए । पहिलो रक्तदाता रोजी ढुंगानालाई पद्म नर्सिङ होमका वरिष्ठ नाक कान घांटी रोग विशेषज्ञ डाक्टर कुलदीप नारायण अग्रहरीले ब्लड ब्याग हस्तान्तरण



गरी शुरु भएको कार्यक्रममा विभिन्न क्षेत्रका ५० जना व्यक्तिले रक्तदान गरेका हुन । रक्तदान कार्यक्रममा रक्त सञ्चार केन्द्रको प्राविधिक सहयोग रहेको थियो । पद्म नर्सिङ होमले विगतका वर्षहरु देखिनै यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै आएको छ । आधुनिक नर्सिङका संस्थापक फ्लोरेन्स नाइटिङगेलको जन्मदिनको अवसर पारेर अन्तर्राष्ट्रिय नर्सिङ काउन्सिलको आयोजनामा हरेक वर्ष मे १२ तारिखमा यो दिवस मनाउने गरिन्छ । दिवसको यो वर्षको नारा नर्सेज : अ फोर्स फर चेन्ज अ भाइटल रिसोर्स फर हेल्थ तय गरिएको छ ।

## सत्य निरुपण आयोग गठनबारे छलफल

**काठमाडौं २९ वैशाख ।(रासस)**

सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नेबारेमा प्रमुख तीन दलबीच छलफल सुरु भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटार मा सोमबार बसेको नेपाली काँग्रेस, नेकपा (एमाले) र एनेकपा (माओवादी)का शीर्ष नेताको बैठकमा आयोगसम्बन्धी ऐन र सर्वोच्च अदालतको न्यायाधीशका लागि हालै न्यायपरिषद्ले सिफारिस गरेका न्यायाधीशका सम्बन्धमा प्रारम्भिक छलफल भएको बैठकमा सहभागी एमाले वरिष्ठ नेता माधवकुमार नेपालले बताए । बैठकमा संविधानसभामा गठन गर्न बाँकी रहेका २६ सभासद् नियुक्त गर्ने, विगतमा प्रमुख तीन दलबीच भएका सहमतिलाई कार्यान्वयन गर्ने र संवैधानिक निकाय एवम् राजदूत नियुक्त गर्ने विषयमा समेत प्रारम्भिक छलफल भएको एमाओवादीका नेता पोष्टबहादुर बोगटीले बताए । बैठकमा काँग्रेसका तर्फबाट सभापति एवम् प्रधानमन्त्री सुशील कोइराला, महामन्त्री एवम् उपप्रधानमन्त्री प्रकाशमान सिंह, महामन्त्री कृष्णप्रसाद सिटौला, केन्द्रीय सदस्य एवम् अर्थमन्त्री डा रामशरण महत र केन्द्रीय सदस्य एवम् कानुनमन्त्री नरहरि आचार्य, एमालेतर्फबाट वरिष्ठ नेता एवम् पूर्वप्रधानमन्त्री नेपाल, उपाध्यक्ष एवम् उपप्रधानमन्त्री वामदेव गौतम, उपाध्यक्ष विद्यादेवी भण्डारी र महासचिव ईश्वर पोखरेल तथा एमाओवादीका तर्फबाट अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल, नेता नारायणकाजी श्रेष्ठ र बोगटी रहेका थिए ।

## विधयेक विधायन समितिलाई पूर्णता दिन माग

**काठमाडौं २९ वैशाख ।**

व्यवस्थापिका-संसद्, विधायन समितिको कार्यक्षेत्र र कार्यविधि स्पष्ट गर्न र सभापति शीघ्र चयन गर्न समितिका सदस्यले माग गरेका छन् । समितिको सोमबार संसद् सचिवालयमा बसेको पहिलो बैठकमा समितिका सदस्यले सो माग गर्दै व्यवस्थापिका-संसद्मा पेस हुने सबै विधेयक विधायन समितिमा छलफल भई अनुमोदन भएपछि मात्र पेस हुने व्यवस्था हुनुपर्छ भने । संविधानसभा-व्यवस्थापिका (संसद्को कार्य सञ्चालन) नियमावली २०७० अनुरुप विधान समिति गठन गर्न सकिने प्रावधान छ । सोअनुरुप कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयसँग सम्बन्धित नियमित विधायन सम्बन्धी आवश्यक कार्य सम्पादनमा व्यवस्थापिका-संसद्लाई सहयोग पुऱ्याउन सो समिति गठन मुख्य काम रहेको छ । समितिमा पदेन सदस्यबाहेक ३७ सदस्य छन् । कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिलामन्त्री पदेन सदस्य हुने प्रावधान रहेको छ । समितिले

बाँकी २ पृष्ठमा......

ADMISSION OPEN ADMISSION OPEN
NAME POKHARA'S
PREPARATION CLASSES
for BBA/BHM
MBBS/BSc Nursing
(Supported by NAME, KTM)
BE (Supported by PEA, KTM)
होस्टेलको व्यवस्था
कक्षा शुरु २०७१ जेठ ५ गते सोमबार देखि
NAME POKHARA
Chipledhunga(Niva Galli), Pokhara
(निभा गल्ली, पूर्णिमा सिनेमा हल पछाडी, विश्व मैत्री भाषा सँगै)
Ph.: 061-534858, 9856060082, 9856020474

फेरी खुल्यो
कोरियन
भाषा EPS TOPIK का लागि यही September 26 & 27 मा हुने परीक्षामा
१००% पास हुने गरी पढ्नको लागि पुग्नै पर्ने . . .
(EPS द्वारा १९ कक्षामा सुविकृत) पश्चिमाञ्चलकै पुरानो भाषा प्रशिक्षण केन्द्र
टप्स ल्याङ्ग्वेज
हाम्रा विशेषताहरु
EPS-TOPIC 2014 को लागि नयाँ पाठ्यक्रम अनुसार कक्षा सञ्चालन भइरहेको छ।
२००८ देखि हालसम्मको EPS-KLT TOPIK परीक्षामा सतप्रतिशत पास गराउन सफल,
कोरियन ID Holder तथा कोरियामा लामो समय पत्रकारीता गर्नुभई EPS TOPIK पढाउनकै लागि नेपाल आउनु भएका दक्ष प्रशिक्षकहरुद्वारा अध्यापन गराइने।
EPS अन्तर्गत विभिन्न मुलुकहरुमा लिइदै आइरहेको प्रश्नपत्रहरुको आधारमा अध्यापन गराइने १०० % पास गराउनको खातिर अमुक सुत्रहरु सिकाइने।
इच्छा, शक्ति र लगानी तपाईको, पास गराउने जिम्मा हाम्रो
TOPS
Language & Training Institute
Tel.: 061-622289, 525835
महेन्द्रपुल (हुलाक पछाडि मोर्सा मेडिकलको दोस्रो तला), मेडिकल लाइन

मनकामना दर्शन
मनकामना दर्शनार्थीहरुको लागि दैनिक रुपमा जान आउन आरामदायी डिलक्स बस सेवा सञ्चालन भइरहेको छ ।
बस छुट्ने समय : बिहान ६:४५ बजे (महेन्द्रपुल बस काउण्टर अगाडि)
सम्पर्क : मानसरोवर ट्राभल्स एण्ड टुर्स
नागढुङ्गा, पोखरा
फोन : ०६१-५३९०१२, ९८५६०३६११९, ९८०४१६८५१३

We Re-Come back with Promt Services for our clints
* Indian Railway * E-Tickets
* Air E-Tickets (Dom', int'l)
* Tourist Bus E-Tickets
* India Package & Hotel Booking
(हामी बाराही मार्ग होटल फोर सिजन अगाडि सरेका छौं ।)
Contact: World Touch Tours & Travels Pvt. Ltd.
P.o. box: 506, Lakeside, Pokhara Nepal
Tel.: 061-463844, 463144
Fax : +977-61-466166, Email: sales@worldtouchtravels.com

## सम्पादकीय . .

# एमाओवादीको विवाद

एमाओवादी विराटनगरमा सम्पन्न राष्ट्रिय सम्मेलन पछि ठूलो भुमरीमा परेको छ। संगठन सुदृढ गर्न आयोजित सम्मेलनले संगठन निर्माण गर्न होइन पार्टी फुटका लागि आयोजना गरिएको जस्तो भएको छ। पहिलो संविधानसभामा ठूलो शक्ति बनेको एमाओवादी दोस्रो संसिवधानसभाबाट तेस्रो हुन पुग्यो। दोस्रो संविधानसभामा तेस्रो स्थानमा झरेपछि एमाओवादी हतास्सियो र कराउन थाल्यो-चुनावमा ठूलो धाँधली भयो, मतदान केन्द्रमा एमाओवादीको पक्षमा मत खस्यो तर गणनास्थलसम्म आइपुग्दाको आधा एकघण्टामा पुरै बाक्सा फेरियो। र उसको माग छ, निर्वाचनको पुरै प्रक्रिया पुनरावलोकन होस्। उसको आरोप र माग कति सम्भव कुरा हो ? त्यसतर्फ ध्यानै नदिइकन एकताका सबभन्दा ठूलो भएको र त्यही ठूलो हैसियतबाट दुई-दुई पटक आफ्नै नेतृत्वमा सरकार चलाएको तथा संविधानसभाको चारपटक म्याद थपेर पनि उसैबाट संविधानसभा भंग गराएको दलले गरेको यस्तो दावी र मागलाई यो बेला उसैलाई मत दिएका जनताले समेत पत्याएका छैनन्। तैपनि उसले यो कुरा भन्न छोडेको छैन। राजनीतिमा सबैभन्दा लाजमर्दो अवस्था सम्भवत यही हो, जो माओवादीले देखाइरहेको छ। दोस्रो संविधानसभा निर्वाचनले नेपाली कांग्रेसालार्य सबैभन्दा ठूलो दल बनायो। कांग्रेसे प्राप्त गर्ने सिट भनी १०७ देखाएकोमा अहिले १०५ सिट प्राप्त छ। हिमाल, पहाड, तराई, पूर्व, मध्य र पशि्चम सबैतिर कांग्रेस समानरुपले विजयी हुँदै आयो। यो भनेको उसका पक्षमा देखिएको जनलहर हो। त्यहाँ कसरी धाँधली भयो, धाँधली भनेको एकदुई ठाउँमा मात्र सम्भव छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षकहरुले निरन्तर निगरानी गरेको यो दोस्रो संविधानसभाको निर्वाचन यो बेलासम्मकै अत्याधिक मत खसेको, सबैभन्दा बढी निष्पक्ष र दलहरुबीच कुनै आपसी झै-झगडा समेत नभएको, देशमै पहिलोपटक पुन मतदान गर्नुपर्ने अवस्था नआएको भनी प्रतिवेदन दिएका छन्। पर्यवेक्षक भनेका कुनै दल विशेषको आग्रहमा नलाग्ने, जे भयो, जे देखियो, त्यसकै रिपोर्ट गर्ने पक्ष हुन्। त्यउसलाई निर्वाचन अघिदेखि मतदान सम्पन्न भएको क्षणसम्म त्यो दल एमाओवादीले पनि मान्दै आएको तथ्य हो। यस्तो परिवेशमा सम्पन्न निर्वाचनलाई परिणाम पुरै हेरफेर हुने गरी धाँधली भयो भन्नु त्यो पनि विधिवत् मतगणना शुरु भएर र त्यस्तै विधिवत् परिणाम आउन थालेपछि र आफ्नो पार्टीको विपक्षमा तथा कुनै अरु पार्टीको पक्षमा जनलहर देखिन थालेको अवस्थामा धाँधली भएर उल्टियो भन्नु, परिणाम नमान्ने निष्कर्ष निकाल्नु र समग्र प्रक्रियाकै पुनरावलोकन गर्न भन्नु आफैंमा हास्यास्पद छ। यो कुरा ऊ जतिपटक दोहोर्‍याइ रहन्छ, त्यति नै पटक ऊ जग हँसाइमा पर्ने निश्चित छ। उसले जब यस्तो निष्कर्ष निकाल्यो, त्यसलाई मतदाताहरुले पनि सहन सकेनन्। पत्रपत्रिकामा आएका प्रतिक्रियाहरु पढौं। उनीहरु भनिरहेका छन्- 'अहिले जसले जिते, त्यो मत हामीले दिएका हौं।' यो दलको त्यस्तो आरोपलाई एउटा मतदाता जसले जसलाई मत दिए र त्यो दल विजयी भयो, त्यसमाथि आक्षेप लगाउनु भनेको मतदाताकै घोर अपमान हो। यही बेला यो निर्वाचन कसरी सम्पन्न भयो र एमाओवादीले लगाएको आरोपमा कति सत्यता छ भन्ने विषयमा जनमत गर्ने हो भने उसको पक्षमा एउटा नि मत प्रकट हुने स्थिति छैन। अहिलेको मतदानको प्रकृतिले नै त्यही बुझाउँछ। एकपटक फोटो खिच्न, अर्को पटक परिचयपत्र लिन र तेस्रो पटक मतदान गर्न प्रत्येक मतदाता आफैं सम्बन्धित बुथसम्म पुगेका छन्। त्यसका अतिरिक्त अर्को माओवादीले रातबिहान ठाउँठाउँमा बम र ठाउँठाउँमा यात्रुबस जलाउने काम गरिरहँदा पनि दश-बाऱ्ह घण्टाको दुरीसम्म ज्यान बाजीमा राखेर मत हाल्न मतदाताहरु आफ्नो क्षेत्र पुगे। मतदाताको यस्तो सक्रियता पनि पहिलोपटक नै देखिएको हो। यसरी सम्पन्न भएको निर्वाचनको परिणाममाथि आक्षेप लगाउनु भनेको ती मतदातालाई अपमान नै गर्न खोज्नु हो। जुन कुरा कुनै पनि हालतले सह्य हुँदैन।

एमाओवादी एउटा जिम्मेवार दल हो भने निर्वाचनको परिणामलाई त्यसरी नै स्वीकार गर्नुपर्छ, जो यसअघि अहिले ठूला भएका दल नेपाली कांग्रेस र एमालेले स्वीकार गरेका थिए। अहिले यो दलले प्रत्यक्षतर्फ २६ वटा सिट ल्याएको छ, त्यसबेला ती दलले यसभन्दा १०-११ वटा मात्र बढी हुने गरी सिट ल्याएका थिए। तर जब यो पटक माओवादी यो ठाउँमा आयो, उसले आफैंलाई मत दिने मतदाताले आफ्नो मतबाट विजयी भएको उम्मेदवारसँग बसेर विजयी उत्सव समेत मनाउन पाएको छैन। यो अत्यन्त दु:खलाग्दो कुरा हो, जो यो दलको त्यस्तो निर्णयबाट उब्जिएको हो। यो लाजमर्दो बुझाइबाट एमाओवादी मुक्त हुन र यथार्थलाई स्वीकार गर्दै राजनीतिक चरित्र देखाउन जरुरी छ।

## आजको पञ्चाङ्ग

**आज मिति २०७१ साल वैशाख ३० गते मंगलबार, तदनुसार मइ १३ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। वसन्त ऋतु चल्दै छ। चान्द्रमान अनुसार वैशाखकृष्णापक्ष चलिरहेको छ। शौरमान अनुसार आज वैशाखशुक्लपक्षको चतुर्दशी तिथि ५० घटि ५१ पला अर्थात रातिमा १ बजेर ३९ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ। आज सूर्य मेष राशिमा रहेको छ भने चन्द्रमा तुला राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३३ घटि ३३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १८ मिनेटमा जयदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ४३ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसँग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन राम्रो छ।

**वृष** : विद्यामा प्रगति हुनेछ, प्रेम प्रसङ्ग सफल रहनेछ, यात्रा फलदायी रहनेछ, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ।

**मिथन** : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउने, चिन्ता पर्ने समाचार सुन्नुपर्ला।

**कर्कट** : दाजु भाइमा मनमुटाव हुन सक्ने, धन हानिको योग रहेको छ, अपजस आइ लाग्ने, मानसिक असन्तोष दिन खराब छ।

**सिंह** : गुमेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन राम्रो छ समय शुभ रहेको छ।

**कन्या** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा हरनेछन, छोराछोरीले सताउने, वायू रोगको संक्रमण हुनेछ।

**तुला** : विदेशबाट धन प्राप्ति हुने, सबै प्रकारको कार्यमा सफलता मिल्नेछ, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, सहयोग पाइनेछ।

**वृश्चिक** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रुबढ्ने जनताबाट पनि नोक्सानी मात्रै हुनेछ।

**धनु** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, दिनभर मन चञ्चल रहनेछ, पेट रोग लाग्ने सताउनेछ, सतर्क रहनुहोला।

**मकर** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ हुनेछ, सबै काममा राम्रो सफलता मिल्नेछ, समयको सदुपयोग गर्नुहोला।

**कुम्भ** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुनेछ।

**मीन** : मानसिक पीडा थपिनेछ, प्रेममा विछोड हुन सक्नेछ, आयश्रोत घट्ने, पारिवारिक झमेलाले पेशाप्रति रुचि घट्नेछ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# स्वास्थ्य सेवा अझै प्रभावकारी बनाउनुपर्नेमा जोड

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख।**

कास्कीका जिल्लाका स्वास्थ्य सेवा प्रदायक निकाय र सरोकारवालाहरुको अन्तरक्रिया सोमवार पोखरामा भएको छ। ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपाल संग आवद्ध संस्था सुशासनका लागि नागरिक समाज कास्कीको आयोजनामा भएको अन्तर्क्रिया कार्यक्रमका सहभागीहरुले कास्कीको वर्तमान स्वास्थ्य सेवा अझै प्रभावकारी रुपमा सुधार गर्न सुझाव दिएका छन्।

क्षेत्रीय स्वास्थ्य निर्देशक डा. रमेश खरेलले स्थास्थ्य सेवा प्रवाहका विद्यमान समस्या समाधानका लागि आफू प्रतिवद्ध भएर लाग्ने वताए। उनले सेवाको मोडालिटी नै परिवर्तन गर्नुपर्ने वेला भएको कारण पनि स्वास्थ्यका सेवा प्रदायक निकाय थप जिम्मेवार भएर सेवा दिन लाग्नुपर्ने वताए। योजना निर्माणको समयमा कमीकमजोरी भएको कारण पनि कतिपय सेवा नागरिकले प्रभावकारी पाउन नसकेको कारण अव सुधारको दिशामा लाग्ने उनको भनाई छ।

ट्रान्सपरेन्सी ईन्टरनेशनल नेपालका पूर्वउपाध्यक्ष एवं सुनासका सल्लाहकार आनन्दराज मुल्मीले स्वास्थ्य सेवाको गुणस्तर अनुगमन प्रभावकारी नभएको कारण स्वास्थ्य क्षेत्रको सेवा खस्किएको वताए। स्वास्थ्य क्षेत्रमा उच्च वजेट छुट्टिए पनि त्यसको प्रतिफल सन्तोषजनक नहनु दुखदायी भएको मुल्मीको भनाई छ। पूर्व उपाध्यक्ष मुल्मीले मानिसको जीवनदान दिने स्वास्थ्य सेवा संवेदनशिल पेशा भएकाले यसमा लाग्ने जो कोही पनि सजक र जिम्मेवार हुनुपर्नेमा जोड दिए।

पशि्चमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा मेडिकल सुपरीटेण्डेन्ट डा. श्रीकृष्ण श्रेष्ठले एउटै समयमा दोहोरो ठाँउमा काम गर्ने चिकित्सक तथा प्राविधिक कर्मचारीलाई कारवाही गर्ने चेतावनी दिएका छन्। कसैले त्यसरी काम गरेको पाउनुभयो भने तत्काल मलाई टेलीफोन गरी जानकारी दिनुहोस्,प्रमाणित भए तत्काल कारवाही गर्छौं मेसु श्रेष्ठले भने। उनले थपे-हामी आफैले पनि त्यसको प्रभावकारी अनुगमन गर्छौं, नागरिक संस्थाहरुले पनि अनुगमन गर्नुपर्छ, संयुक्त रुपमा सवै जना विकृती रोक्न लागेमात्रै पशि्चमाञ्चल क्षेत्रीय अस्पतालको विकृति रोकिन्छ।

अन्तरक्रियामा जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका प्रमुख रमेशप्रसाद अधिकारीले कास्कीमा जनस्वास्थ्यले दिएको सेवा र डा. गिरीधारी शर्माले पोखरामा स्वास्थ्यको अवस्था विषयमा छुट्टाछुट्टै दुई वटा कार्यपत्र प्रस्तुत भएको थियो। स्वास्थ्यका सेवाग्राहीहरुले सरकारी अस्पतालका चिकित्सक तथा प्राविधिक एउटै समयमा दुई तीर काम गरेको, सरसफाई राम्रो नभएको, गरिव असहायको उपचारको दुरुपयोग भएको, अस्पतालका उपकरण समयमा मर्मत नभएको कारण काम नलाग्ने भएका, मानसिक स्वास्थ्यको उपचार प्रभावकारी नभएका लगायतका गुनासा गरेका थिए।

सुनास कास्कीका अध्यक्ष पुण्य पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पशि्चमाञ्चल क्षेत्रीय अस्पताल विकास समितिका अध्यक्ष डा. कालु शर्मा, सुनास कास्कीका उपाध्यक्ष श्याम कुँवर, सचिव रवीन्द्र मैनाली, माया गुरुङ्, विना सिलवाल, प्रकाश वाग्ले, हुम गुरुङ्ग, केशव भण्डारी, कृष्ण परियार, प्रेम परियार लगायतले बोलेका थिए। अन्तरक्रियामा कास्कीमा स्वास्थ्यको सेवा दिने सरकारी तथा नीजि अस्पताल तथा मेडीकल कलेज, एनजिओ तथा आईएनजिओ, औषधि व्यवसायी तथा विक्रेता, नागरिक समाज, पत्रकार लगायको सहभागिता रहेको सुनासका कार्यक्रम अधिकृत भानु पराजुलीले जानकारी दिए।

# विधयेक...

सभापति चयन गर्न सकेको छैन। समितिका ज्येष्ठ सदस्य सूर्यबहादुर थापाको अध्यक्षतामा बसेको बैठकमा समितिका सदस्यले समितिको कार्यविधि बनाउन उपसमिति गठन गर्न मागसमेत गरेका थिए। समितिका सदस्य तारिणीदत्त चटौतले व्यवस्थापिका-संसद्का महत्वपूर्ण समितिमध्ये विधायन समिति रहेकाले सर्वप्रथम यसको कार्यविधि बनाउन ध्यान दिनुपर्छ भने। अर्का सदस्य कुन्तीकुमारी शाहीले विधान समितिको कार्यक्षेत्र खुम्च्याउन नहुने र व्यवस्थापिका( संसद्मा पेस हुने सबै विधेयक विधायन समितिमा छलफल भई अनुमोदन भएपछि मात्र पेस हुने व्यवस्था हुनुपर्छ भने। सदस्य कृष्णभक्त पोखेलले संवैधानिक व्यवस्थाअनुरुप विधायन समितिका कामलाई प्रभावकारी बनाउन समितिको गठन छिटो हुनुपर्छ भने। सदस्य प्रेमबहादुर सिंहले समितिको कार्य क्षेत्रभित्र रहेका विषयमा टीकाटिप्पणी बाहिर आएका हुँदा यस्ता गुनासालाई समितिले सम्बोधन गर्न आवश्यक भएको बताए। सदस्य रामनारायण बिंडारीले समितिको कार्यविधि बनाउन उपसमिति गठन गर्न माग गरे। बैठकमा ११ सदस्यले आआफ्नो धारणा राखेका थिए। समितिका अध्यक्ष थापाले व्यवस्थापिका-संसद्का कामलाई अझ प्रभावकारी बनाउन समितिले काम गर्ने बताए। अध्यक्ष थापाले बैठक समाप्त गर्दै अर्को बैठकमा समितिका पदेन सदस्य एवं कानुनमन्त्रीको अनिवार्य उपस्थितिका लागि निर्देशन गरेका थिए। निर्देशन दिनेबित्तिकै टुप्लुक्क मन्त्री नरहरि आचार्य उपस्थित भएका थिए।

# सिंह अमेरिका प्रस्थान

**काठमाडौं २९ वैशाख।(गोल्डेन)**

उपप्रधानमन्त्री एवम् सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंह संयुक्त राष्ट्र सङ्घको आदिवासी मामिला सम्बन्धी तेह्रौं सभामा भाग लिन अमेरिका प्रस्थान गरेका छन्। उपप्रधानमन्त्री सिंहले यही बुधबार नेपालको तर्फबाट सो सभामा आफ्नो धारणा राख्ने बताइन्छ। नेपाली काँग्रेसका महामन्त्रीसमेत रहनुभएका उपप्रधानमन्त्री सिंहले अमेरिकास्थित नेपाली काँग्रेस जनसम्पर्क समितिको आयोजनामा हुने स्वागत कार्यक्रम र त्यहाँस्थित नेपाली राजदूतावासले आयोजना गरेको छ।

# मैत्रीपूर्ण व्याडमिन्टनको उपाधि पोउवासंघलाई

**पोखरा २९ वैशाख।(गोल्डेन)**

ट्रेकिङ एजेन्सिज् एशोशियसन अफ नेपाल(टान) पशि्चमाञ्चल क्षेत्रिय संघ पोखराको आयोजनामा टान-धौलागिरि मैत्रिपूर्ण व्याडमिन्टन प्रतियोगिता सोमबार सम्पन्न भएको छ। ५४ औ धौलागिरि आरोहण दिवसको अवसर पारेर आयोजना गरिएको उक्त प्रतियोगिताको उपाधि पोखरा उद्योग वाणिज्य संघले हात पारेको थियो। संघलाई मेडल प्रमाण पत्र र सिल्ड प्रदान गरिएको थियो। उक्त प्रतियोगितामा १२ टिमको सहभागिता रहेको टान पशि्चमाञ्चलका खेल संयोजक शुशिलराज पौडेलले जानकारी दिए। प्रतियोगिताको उद्घाटन पशि्चमाञ्चल खेलकुद विकास समितिका अध्यक्ष दिपक कोइरालाले गरेका थिए। पोखरामा स्पोर्ट टुरिजमको प्रवर्द्धन गर्ने उद्देश्यले उक्त प्रतियोगिताको आयोजना गरिएको धौलागिरि आरोहण दिवसका संयोजक विश्वराज अधिकारीले जानकारी दिए। टानले मंगलबार पूम्दीभूम्दी गाविसको भूम्दी-७ मा घरवास कार्यक्रम समेत राखेको छ। ग्रामिण भेगमा पनि आन्तरिक तथा वाह्य पर्यटक भित्रयाउने उद्देश्यले घरवास कार्यक्रम तय गरिएको संयोजक अधिकारीले जानकारी दिए।

ट्रेकिङ एजेन्सिज् एशोशियसन अफ नेपाल(टान) पशि्चमाञ्चल क्षेत्रिय संघ पोखराका कार्यवहाक अध्यक्ष रामचन्द्र शर्माको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा कार्यक्रम संयोजक विश्वराज अधिकारीले स्वागत र सचिव डम्मर अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।


## बर्गीकृत विज्ञापन

### कोरियन गाडी विक्रीमा
Ssangyong SUB Korando 2011 मोडल, Full Option १० हजार किलोमिटर मात्र गुडेको, साइबर ग्रे कलरको गाडी तुरुन्त विक्रीमा छ। साथै अन्य गाडीसंग साटफेर समेत गर्न सकिन्छ।
सम्पर्क : ९८५६०३७५८१, ०६१-५३२३७२

### तन्दुर एण्ड बारविक्यु रेष्टुरेन्ट
सफा, ताजा तथा मनोरम वातावरणमा बसी आफ्नो खाजा समयलाई रमणीय बनाउन सक्नुहुनेछ।
हाम्रा सेवाहरू
❖ इण्डियन ❖चाइनिज
❖तन्दुरी ❖नेपाली खाजाहरू
साथै इनडोर, आउटडोर, वर्थडे, विवाह, पाटी रोजेजस्तै सेवा
पोखरा भित्र होम डेलिभरीको पनि व्यवस्था
सम्पर्क : ९८१९१३२९१९, ९८४६६२२६९१, ९८४६५६६१७७

### पसल व्यवसाय विक्रीमा
मासिक रुपमा न्युनतम् ५० हजार देखि दुई लाख वा तीन लाख आय आर्जन गर्न सकिने सानो लगानीको व्यवसाय विशेष कारणवश विक्रीमा छ। आवश्यक शीप तथा अनुभव र सम्बन्ध पनि उपलब्ध हुन सक्ने। साथै हेमजा मिलनचोक तलै हाइवेमा पूर्व मोहडाको चिटिक्कको घडेरी २७ लाखमै उपलब्ध छ।
चाहना छ भने सिधा सम्पर्क : ९८१७१२१९४३

### तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङकर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

### तु-आवश्यकता
कुक हेल्पर-१ जना
डिस वासर-२ जना
तलव आपसी समझदारीमा, खान बस्न फ्रि।
सम्पर्क
ओशिष रेष्टुरेन्ट
९८१४१७४८२५, ९८०४१२४२१७

### तु-आवश्यकता
कुक - १ जना
कुक हेल्पर-१ जना
रुममेड (लेडिन)-२ जना
वेटर -२ जना
नोट : खान, बस्नको सुविधा छ।
सम्पर्क : ९८४६०३०३२८
०६१-४६१५७७

### खानेपानी चाहिएमा
मूलको शुद्ध खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस्। बोरिङको नगनाउने पानी
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६,९८५६०३५७३८

### जग्गा बिक्रीमा
लामाचौरमा
२ रोपनी
कुरिनचौरमा
४ रोपनी
तु-किन्नेलाई सस्तोमा
सम्पर्क : ९८१६१३५७००

### अति सस्तो !
घडेरी : १८×४२ हात
(चचहुई पार्क तिनकुने चोक हाइवेमा)
सटर : न्यूरोडमा
तीनवटा व्यापारिक सटर तु विक्रीमा छ।
सम्पर्क : ९८४६४८०४७३
९८४६४८०४९०

### सिद्धार्थ पूजा सामग्री भण्डार सिद्धार्थचोक पोखराको
खुसीको खबर
हामी कहाँ विवाह, व्रतबन्ध, रुद्री, सप्ताह, चौरासी आदि पूजाहरु धर्ममा चाहिने सम्पूर्ण पूजा सामग्रीहरुको होलसेल तथा खुद्रा बिक्री गरिन्छ। साथै ज्योतिष, तान्त्रिक आम्रत देखाउने व्यवस्था पनि गरिएको छ। साथै पण्डितको पनि व्यवस्था छ।
सम्पर्क: विनोद दाहाल
०६१-५२५३८९, ९८५६०३१६८५

### खुशीको खबर ! खुशीको खबर !!
के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस्।
सेवा दिने स्थानहरू : पोखरा भ्याली, लेखनाथ र तनहुँ
Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

### खुशीको खबर ! खुशीको खबर !!
सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ।
सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा,
सम्पर्क फोन ०६१-५३२५०२, ९८०६७३८३००

### सुनौलो एफएममा ज्योतिष जागरण
प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला।
सुझावका लागि :
वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी।
मोवाइल : ९८५६०३०९१४

### चावी घर (Key House)
सिद्धार्थचोक, पोखरा
फोन : ०६१-५२५१९०, ९८५६०२५४९०, ९८०४११३२५१
हाम्रा सेवाहरू : हरेक प्रकारका तालाको चावी डुप्लिकेटिङ्ग, रिपेयरिङ्ग, होम सर्भिस र बन्द रहेको सबै किसिमको दराज, सेफ, ढोका, गाडी, मोटरसाइकल, पोष्टवक्स, टेवल, फाइलिङ्ग क्याविनेट, सुटकेश, नम्बर चावी, सेक्युरिटी लक आदि बन्द खोल्न होम सर्भिसको व्यवस्था छ।
मास्टर की बनाउनुका साथै चावी सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

### कर्मचारी आवश्यकता
पोखराको रामबजारमा रहेको नरहरि मेडिकल सर्भिसमा एक जना कर्मचारी आवश्यक परेको हुँदा ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला।
योग्यता : सी.एम.ए. पास गरी अनुभव प्राप्त
सम्पर्क : नरहरि मेडिकल सर्भिस
रामबजार(राममन्दिर नजिकै), पोखरा,
फोन : ०६१-४३०१३९, ९८४६३११३७३, ९८४६०२०३५६

### नि:शुल्क कम्प्युटर तालिम
Green Plus Nepl को सहयोगमा अब Informatic र High Mount Computer Institute मा सीमित कोटामा नि:शुल्क कम्प्युटर शिक्षा भएकाले छिट्टै नै सम्पर्क गर्नुहोला।
High Mount Computer Institute & Informatic
विन्ध्यवासिनी/ सृजनाचोक
०६१-५२७३४५, ९८४६५६६४८०, ९८४६०४१६१७

### "रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस्!
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट




नेपाल पत्रकार महासंघको २४औं महाधिवेशनबाट समावेशीतर्फको उपाध्यक्षमा निर्वाचित अनिता विन्दुलाई टीका र खादाले सम्मान गर्दै। अनिता सहित युनियनको तर्फबाट उम्मेदवार बनि बिजय प्राप्त गरेका सबैलाई युनियनको केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा बधाई र सम्मान गरिएको थियो। उपाध्यक्ष अनितालाई नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष किरण पोखरेल, उपाध्यक्ष गंगाधर पराजुली लगायतले सम्मान गरेका थिए।

## महिला...

रहेको बताए। नेपाली काँग्रेसका नेता रमेश लेखकले संवैधानिक र कानुनी रुपमा प्रत्याभूत गरिएका स्थानमा महिलाको प्रतिनिधित्व राम्रो देखिए पनि राजनीतिक दल र अन्य निकायमा महिलाको प्रतिनिधित्व कमजोर छ भने। नेकपा (एमाले) का पोलिटब्युरो सदस्य अष्टलक्ष्मी शाक्यले जनसङ्ख्याको हिसाबले ५० प्रतिशतभन्दा बढी महिला भएकाले राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र स्थानीय निकायको निर्वाचनमा ५० प्रतिशत महिला प्रतिनिधित्व जरुरी रहेको बताए। कार्यक्रममा संविधानविद् काशीराज दाहालले 'राज्यका निकायहरूमा महिला प्रतिनिधित्वको स्थित: सिद्धान्त र व्यवहार' विषयमा कार्यपत्र प्रस्तुत गर्दै संविधानसभा तथा राज्यका अन्य निकायमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गर्नका लागि भेदभावविहीनता, समानता र प्रतिष्ठाका विषयमा ध्यान दिनुपर्नेमा जोड दिए।

# देश बलियो बनाउन सबैजाति एक हुनुपर्छ–थापा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख।**

क्षत्री समाज नेपालका केन्द्रीय अध्यक्ष प्रा.डा.चन्द्र बहादुर थापाले नेपाल बलियो, सवल बनाउन जातीय आरक्षण खारेज गरी सबै जातजाति एक हुनुपर्ने र नेपाल सबै जातजातिको साझा फूलबारी भएको बताए। रुपन्देहीमा आयोजित समाजको कार्यक्रममा केन्द्रीय अध्यक्ष थापाले देश विभाजनको नाममा जातिय राज्य बनाउन खोजिए महाभूकम्पको रुपमा क्षत्रीको नेतृत्वमा सशक्त आन्दोलन हुन सक्ने बताए।

कार्यक्रममा समाजका पूर्व केन्द्रीय अध्यक्ष प्रा.डा.दिलबहादुर क्षत्रीले अस्तित्वको लागि आफू मर्न तयार भएको तर राष्ट्रघाति जातीय राज्य हुन नदिने र समाजले यसको लागि सबै क्षत्रीहरुलाई एक बनाई अगाडि बढाउनुपर्ने बताए।

नेपाल सरकारद्वारा विभिन्न समयमा भएको सहमति सम्झौता पालना नगरेकोले देश कमजोर उन्मूख भइरहेकोले सबै पार्टीमा भएका क्षत्री नेताहरु एक हुनुपर्ने बताए। कार्यक्रममा केन्द्रीय महासचिव रोमबहादुर कार्कीले देशभरका समाजलाई बलियो बनाउन हरेक जिल्लामा रचनात्मक कृयाकलाप गरिने र समाजमा आवद्ध सम्पूर्ण क्षत्रीहरु राजनीतिभन्दा माथि उठी सन्ततिको लागि लाग्न सक्नुपर्ने बताए। महिला केन्द्रीय उपाध्यक्ष उर्मिला खड्काले समाजले विगतमा भएको आन्दोलन ट्रेलर मात्र भएकोले अबका आन्दोलन निर्णायक बनाउन शेभरका महिलाहरु एक हुनुपर्ने बताए।

रुपन्देही जिल्ला अध्यक्ष लेखबहादुर कार्कीको सभापतित्वमा भएको कार्यक्रममा केन्द्रीय सदस्य कृष्ण थापा, अर्घाखाँची समाजका अध्यक्ष देव बहादुर टण्डन, युवा समाजका अध्यक्ष हरि थापा, महिला समाजका कृष्ण थापा बस्नेत, भूपू समाजका सचिव रणबहादुर रायमाझी, अञ्चल समितिका कोषाध्यक्ष खिम बहादुर जि.सी., सल्लाहकार विष्णु बराल, संस्थापक अध्यक्ष दम बहादुर जि.सी., सहसचिव शिव बहादुर अधिकारी लगायतले सबै क्षत्री एक भई अगाडि बढ्नुपर्ने धारणा राखेका थिए। अधिवेशनले लेख बहादुर कार्कीको अध्यक्षतामा गुप्त बहादुर के.सी. बरिष्ठ उपाध्यक्ष, शिव बहादुर अधिकारी सचिव, ओम कुमार के.सी. कोषाध्यक्ष, इन्द्र बहादुर कुँवर सहसचिव र पार्वती खड्का महिला उपाध्यक्ष रहेको कार्यसमिति गठन गरेको छ। समितिमा अन्य क्षेत्रगत पदाधिकारी सदस्यहरु बैठकद्धारा चयन गर्ने निर्णय गरेको छ। कार्यक्रममा ८० वर्ष उमेर नाघेका १५ जना बृद्धबृद्धा, उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान गरिएको थियो।

# लेखनाथ कर्मचारीमा पौडेल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख।**

नेपाल नगरपालिका कर्मचारी एशोसिएशन ईकाई समिति लेखनाथको पाचौं अधिवेशनले आगामी तीन वर्षको कार्यकालका लागि सर्वसम्वत रुपमा चन्द्रकान्त पौडेलको अध्यक्षतामा ११सदस्यीय नयाँ कार्यसमिति चयन गरिएको छ। नव गठित समितिको उपाध्यक्षमा ईन्दिरा न्यौपाने, सचिवमा विष्णुप्रसाद वराल,सह सचिवमा मधुमायाँ वास्तोला र कोषाध्यक्षमा रबिन्द्र अधिकारी रहेका छन् भने समितीको सदस्यमा गोविन्द्र प्रसाद देवकोटा,पद्मा पौडेल, जीवनाथ पराजुली, प्रेमराज अधिकारी,प्रकाश भण्डारी र विष्णुमायाँ भुजेल रहेका छन्।

एशोसिएशनका अध्यक्ष चन्द्रकान्त पौडेलको अध्यक्षतामा भएको सो कार्यक्रममा वोल्दै लेखनाथ नगरपालीकाका कार्यकारी अधिकृत रामचन्द्र पौडेलले कर्माचारी हक हितका लागि संगठित भएर अगाडी वढ्नका लागि अनुरोध गरेका थिए। कार्यक्रममा एशोसिएशनका केन्द्रीय सदस्य दिपक कोईराला लगायतले आ आफनो धारणा राखेका थिए।

# लेखनाथमा सांस्कृतिक कार्यक्रम

**पोखरा २९ वैशाख।(गोल्डेन)**

स्व.लोकगायिका मञ्जु महतको ४५औं दिनको पुण्य तिथिमा एक सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। राजधानी फिल्म प्रालि र स्वरुप सोलार प्रालि को आयोजनामा भएको सांस्कृतिक कार्यक्रममा विभिन्न राष्ट्रिय र स्थानीय कलाकारले आफ्नो प्रस्तुति राखेका थिए। कार्यक्रममा बोल्दै लेखनाथ नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र पौडेलले कला र गायन क्षेत्रमा स्व मञ्जु महतको सांगीतिक योगदानको प्रशंसा गरेका थिए। उनले भने अझ कलाकारको एक मात्र आम्दानीको स्रोत रहेको सिआरवीटी लार्य सुनिश्चित र पाइरेसि कम गर्दै लैजान सबै एक जुट हुन जोड दिए।

कार्यक्रममा पोखरेली माग्ने बुढा धुर्मुस, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान उपत्यका समन्वय समितिका अध्यक्ष शिव हमाल, स्थानीय कलाकार विक्रम थापा, गायिका जमुना शर्मा, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान कास्कीका अध्यक्ष शिवहरि ढुंगाना लगायतले आफ्नो प्रस्तुति राखेका थिए। राजधानी फिल्म प्रा लिका सञ्चालक अर्जुन गोदारको सभापतित्वमा भएको उक्त कार्यक्रमको सञ्चालन वरिष्ठ सञ्चालक नेत्रपाणि बाँस्तोलाले गरेका थिए।

# पाठयोजना तथा कक्षाकोठा व्यवस्थापन सम्बन्धी तालिम

**पोखरा २९ वैशाख।(गोल्डेन)**

सैनिक आवासीय महाविद्यालय पोखराले विद्यालय परिसरमा निर्माणवादमा पाठयोजना तथा कक्षाकोठा व्यवस्थापन सम्बन्धि दुई दिने तालिम तथा कार्यशाला गोष्ठी सम्पन्न गरेको छ। महाविद्यालयकै विभिन्न विभागका विभागीय इन्चार्ज एवं शिक्षकहरू तथा गण्डकी बोडिङ स्कूल, कुमुदिनी होम्स तथा रेन्बो एकेडेमी होम्सका कुल २० शिक्षकहरूको सहभागीता रहेको तालिम तथा कार्यशाला गोष्ठीका सहभागीले निर्माणवादले विद्यार्थीहरूलाई रचनात्मक बनाउन सहयोग पुग्नेमा जोड दिए। कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै विद्यालयका प्राचार्य खेमराज देवानले महाविद्यालयले शिक्षकहरूको चौतर्फी विकासमा प्रयत्नशील रहेको र त्यसैको प्रयास स्वरुप शिक्षा क्षेत्रका विविध व्यक्तित्वहरूलाई बेला-बेलामा महाविद्यालयमा सहजीकरणका लागि निम्त्याउने गरेको बताए। विद्यालयका सहप्राचार्य शिवप्रसाद जैशीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै निर्माणवादले विद्यार्थीहरूलाई रचनात्मक तथा क्रियाशील हुन सघाउने विश्वास व्यक्त गरे। उद्घाटन सत्रमा शिक्षक तुलसीराम खनालले स्वागत मन्तव्य राखेका थिए। दुई दिने तालिमलाई त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका गणित तथा कम्प्युटर विज्ञान शिक्षा विषय समितिको अध्यक्ष प्रा.डा. हरिप्रसाद उपाध्यायले सहजीकरण गरेका थिए। कार्यक्रमको समापन समारोहमा बोल्दै सहजकर्ता उपाध्यायले शिक्षा अँध्यारोबाट उज्यालोतर्फ लाने माध्यमका रुपमा बुझिनुपर्ने र शिक्षाको बृहत लक्ष्य प्राप्तिका लागि लाग्नुपर्नेकुरामा जोड दिँदै शिक्षकहरूलाई सिकेका कुरालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिए। कार्यक्रममा सहभागीको तर्फबाट गण्डकी बोडिङ स्कूलका शिक्षक राजकुमार ढकाल, कुमुदिनी होम्सका शिक्षक गुरुप्रसाद दवाडी, रेन्बो एकेडेमी होम्सका शिक्षक खेम नारायण ढकाल तथा सैनिक आवासीय महाविद्यालयका तर्फबाट शिक्षक उपेन्द्रप्रसाद पौडेलले समग्रमा कार्यक्रम अत्यन्त फलदायी रहेको र विद्यार्थी केन्द्रित शिक्षण पद्धतिका लागि निर्माणवाद अत्यन्तै उपयोगी रहेको प्रतिक्रिया व्यक्त गरे।

कार्यक्रममा धन्यवाद मन्तव्य व्यक्त गर्दै विद्यालयका बन्दोवस्ती अधिकृत जयप्रभा के.सी.ले कार्यक्रममा सहभागी तथा कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गरेकी थिइन्। सञ्चालित कार्यशाला तथा तालिम कार्यक्रमको संयोजन तथा सञ्चालन शिक्षक जयराम कायस्थले गरेका थिए।

# स्पाइरल ग्यालेक्सीमा इङ्लिस क्लव गठन

**पोखरा २९ वैशाख।(गोल्डेन)**

पोखराको सिम्पानी स्थित स्पाइरल ग्यालेक्सी उच्च माविमा इङलिस क्लव गठन भएको छ। विद्यालयमा थप अंग्रेजी वातावरण निर्माण गर्ने उद्देश्यले कक्षा ३ देखि दशसम्मका विद्यार्थीहरुको भेलाले धुर्व ढुङ्गानाको अध्यक्षतामा ३७ सदस्यीय समिति चयन गरको छ। समितिको उपाध्यक्षमा सुदिप गुरुङ, प्रतिमा गुरुङ, स्वस्तिका तिमिल्सीना सचिवमा वरदान आचार्य र कोषाध्यक्षमा एन्जिता सुवेदी चयन भएका छन्। भेलाले क्लवको संरक्षकमा प्राचार्य नारायण शर्मा चाँपागाई र अंग्रेजी शिक्षक सुमन पौडेललाई चयन गरको छ।

यस अधि भेलामा बोल्दै प्राचार्य चापागाईले विद्यार्थीहरुलाई विद्यालयको शैक्षिक बाताबरणलाई थप चुस्त दुरुस्त बनाउन आग्रह गरे। उनले विद्यालयका उत्कृष्ट गतिविधीको प्रशंसा गर्दै थप अंग्रेजी वातावरण बनाउन सुझाव दिए। विदेशि स्वयंसेवी सरहा एडवाड्सले क्लवमा आवद्ध सदस्यलाई इङ्ल्याण्डमा रहेका विद्यालयको भ्रमणको लागि पहल गर्ने बताए। अंग्रेजी वतावरण विभागका प्रमुख सुमन पौडेलले, विद्यार्थीहरुलाई समयानुकुल तालिम र प्रशिक्षण दिने बताए। क्लवका अध्यक्ष ढुङगानाले संरक्षकको निर्देशन अनुसार विद्यालयको वातावरणलाई अझ मैत्रिपूर्ण बनाउने प्रतिवद्धता जनाए। विद्यालयले नयाँ शैक्षिकसत्र सुरु भए लगतै विभिन्न शैक्षिक तथा अतिरिक्त कियाकलापहरु संचालन गर्दै आईरहेको छ।

# सर्वज्ञमान प्रधानाङ्ग सम्मानित हुँदै

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख।**

विराट नेपालभाषा साहित्य सम्मेलन र साहित्य मन्दिर भक्तपुरको संयुक्त आयोजनामा पोखराका संस्कृतिविद् सर्वज्ञमान प्रधानाङ्गलाई सम्मान गरिने भएको छ। मोफसलमा बसेर विभिन्न भाषा, साहित्य, कला र संस्कृतिको उत्थानका साथै सांस्कृतिक सम्पदा र धार्मिक सम्प्रदायको विकासका लागि लामो समयसम्म योगदान पुऱ्याएबापत प्रधानाङ्गलाई सम्मान गर्न लागिएको विराट गुथिका अध्यक्ष प्रदीप शाक्यले जानकारी दिए। प्रधानाङ्गलाई उहाँको शताब्दी वर्ष जन्मदिनको अवसर पारेर आगामी जेठ ३ गते पोखरामा सम्मान गरिने जनाइएको छ।

## हार्दिक समवेदना



जन्म: १९८०/१०/१५ | स्वर्गारोहण: २०७१/०१/१८

**स्व.रत्नमाया कोइराला**

**कोइराला सेवा समाज कास्कीका आजीवन सदस्यहरू श्री सूर्यनाथ कोइराला, श्री चन्द्रनाथ कोइराला(केन्द्रीय प्रतिनिधि) र श्री ध्रुवनाथ कोइरालाकी ममतामयी माता रत्नमाया कोइरालाको असमायिक निधनले हामीलाई अत्यन्तै स्तब्ध र मर्माहत बनाउनुको साथै समाजलाई नै अपुरणीय क्षति पुऱ्याएको छ। उहाँको निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवार, आफन्तजन, ईष्टमित्रका साथै सम्पूर्ण शुभेच्छुकहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।**

**रामजीप्रसाद कोइराला (कार्यबाहक अध्यक्ष) एवं**
**कोइराला सेवा समाज परिवार**
**पोखरा, कास्की**


**विद्यालय ड्रेस चाहिएमा**

विद्यालयका अन्तर सदन ड्रेस, ज्याकेट, टि सर्ट, प्रिन्ट, जेन्स तथा लेडिज टिसर्ट तथा ट्रायाक, बेवी सुट आदि चाहिएमा हामिलाई सम्झनुहोस्।

सम्पर्क
**विन्दवासिनी रेडिमेट इण्डष्ट्रिज**
लेखनाथ–७, तालचोक
फोन ०६१५६१५३५, ९८५६०३०१३४, ९८४६०५०५३५, ९८४६२९६५८०

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने।
- १ बर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ।

सम्पर्क **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स
स्टर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१६९२

**चाया, पोतो, डण्डिफोर Bye Bye**

चाया, पोतो, डण्डीफोर र मखियालाई एक हप्तामा नै हटाइने। साथमा मोटोपन घटाउने र बढाउने पनि।
❖कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
यहाँ Orginal Korean Cosmetic Product पाइन्छ।
❖सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
❖महिनामा नै १–३ इन्च हाइट बढाउन Step-Up.
❖चाउरीपना हटाउने, पिनासका लागि सफल उपचार।
❖Breast घटाउने, बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने।
Skin Test गरिन्छ।
❖थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने।
Aloevera Juice चाहिएमा हामीलाई सम्झनुहोस्।

**बिहानी ब्यूटी ट्रेडर्स**
चिप्लेढुङ्गा, पोखरा–४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)
फोन: ९८४६१५४१८८, ०६१-६२१२०२

**FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA**

➩यौन पुरूष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पुन सुहाग रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
➩केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
➩मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
➩उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
➩तौल बढाउने आयूर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
➩थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
➩तौल घटाउने जापनिज deit मात्र २५००।-
➩ढाड तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेननिल
✱ तौल घटाउन Slim 24 pro

**पोखरा हर्वल होम्स**
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

**Apply without IELTS**
**WHY NOT**
**NEW ZEALAND**
- Comparably Affordable Tuition Fee
- Job Search Visa After Study
- High Visa Success Rate
- Get (Airport Pick Up/ 2 Weeks Accommodaion/Laptop/Mobile Sim)
PROVISION OF NTEC, Auckland
- Many - Subjects/Colleges/Cities @ Your Choice

**TRINITY EDUCATION FOUNDATION**
Bastolathar, Mahendrapool, Pokhara BRANCH: Chakrapath
T: 061-525739 / 521639 Maharajgunj, KTM
Ktm: 01-4720635 / 4720655 info@trinityeducation.edu.np

**हामी सरेका छौं**

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप–महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१–५४१९३५, ०६१–२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस्।
त्यो पनि सस्तोमा



Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
**गण्डकी कम्प्युटर्स**
... the printer house



**जाँड रक्सी**
साथै चुरोट गाँजा थाहा नदिई ३ दिनमा नै छुटाउने।

SEX शिघ्र स्खलन, उत्तेजना नहुने साथै लिङ्गको मोटाई र लम्बाई बढाउने उपकरण जस्तो सुकै यौन समस्याको सफल उपचार
१ महिनामा ३ देखि १० के.जी.सम्म मोटोपन घटाउने
HIGHT: १ महिनामै ३ इन्च सम्म उचाई बढाउने
भेजीना : टिनेजरको जस्तै कसिलो बनाउने जेल साथै ड्रप्स
चाँया कालो पोतो: डण्डीफोर, दाग, चाउरीपन, मखिया हटाई पुरै शरिर गोरो बनाउने Fear Look
दुप्लो पातलो: शरिरको तौल एक महिना मै ३ देखि १० के.जी बढाउने।
चिरा: महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउने
स्तन: चाहेजती बढाउने, घटाउने साथै टाइटगर्ने क्रिम
केश: झर्न रोकी तुरुन्तै उमार्ने HERBAL OIL
हामीकहाँ एलोभेरा जुस पनि पाइन्छ।
पुरानो ग्याष्टिक, दम, पायल्स ठिक पार्ने हर्वल चुर्ण
POWER POINT: ढाड तथा हाडजोर्नी दुखाई तुरुन्तै ठिक पार्ने मसाज तेल
टि.भी तथा पत्रिकामा देखाईने सम्पूर्ण सामानहरु हामीकहाँ पाइन्छ।
फ्रि होम डेलीभरी
**माछापुच्छ्रे हर्बो ट्रेड**
पृथ्वीचोक (पोखरा विजनेश कम्प्लेक्स भित्र), फोन नं.: ०६१-५३१८६७, मो. ९८४६१-३७४१८

# ‘एड्स तथा लागूऔषध नियन्त्रणमा सबै एकजुट हुनुपर्छ’

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**

एचआईभी एड्स तथा लागूपदार्थ सम्बन्धी कार्य गर्ने संघसंस्थाहरु एक आपसमा सहकार्य गरि अघि बढ्न सके कार्यक्रम प्रभावकारी हुने एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

एड्स विरुद्ध राष्ट्रिय नेटवर्क समुह नेपाल (नानगान) र एड्स रोग नियन्त्रण संघ कास्कीले सोमवार पोखरामा आयोजना गरेको “सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिको” गतिविधि र छलफल कार्यक्रममा सरोकारवालाहरुले सबै जनसमुदाय र सरोकारवालाहरु बीच समन्वय र एकताको खाँचो रहेको बताए । उनीहरूले जबसम्म समाजमा विकृति न्युनिकरण हुँदैन तबसम्म सबै संघसंस्थाहरू सक्रिय हुनुपर्नेमा जोड दिएका थिए । सो अवसरमा उनीहरुले कास्कीमा यस क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरु धेरै भएपनि एक आपसमा गरिने कार्यक्रमबारे सबैलाई प्रष्ट नभएको बताएका छन् ।

कार्यक्रममा बोल्दै एड्स रोग नियन्त्रण संघ कास्कीका अध्यक्ष एवम् नानगानका पश्चिमाञ्चल संयोजक विश्वमोहन गौचनले नियमितरुपमा संघसंस्थाहरुलाई एक ठाउँमा ल्याएर छलफल गर्नाले कार्यक्रमहरु ‘डुप्लिकेसन’ नहुने बताए । एचआइभी संक्रमितलाई नयाँ सोच र व्यवस्थापनका साथ शून्यस्तरमा लैजानुपर्नेमा उनले जोड दिए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका गौचनले एचआइभी सङ्क्रमितहरुले नमूना काम गरि देशको नाम राख्न सक्ने बताउँदै सगरमाथा आरोहणको तयारीमा लागेका गोपाल श्रेष्ठलाई सफलताको शुभकामना दिए ।


तस्वीर : गोल्डेन न्यूज दैनिक

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिकी निवर्तमान अध्यक्ष सीता गुरुङले एचआइभी स्म्बन्धी आयोजित जुनसुकै कार्यक्रम अर्थपूर्ण र प्रभावकारीपूर्ण हुनुपर्नेमा जोड दिइन । उनले भनिन्- ‘जबसम्म समाजमा यससम्बन्धी विकृति न्युनिकरण हुँदैन तबसम्म यस कार्यमा सबै एकजुट भएर अझ क्रियाशिल हुनुपर्छ ।’ आफ्नै आँखा अगाडि विकृति भित्रंदा समेत मौन बस्ने समाजको परम्परा तोडेर अघि बढ्नुपर्नेमा उनले जोड दिइन ।

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीले गरेका विभिन्न गतिविधिबारे प्रकाश पार्दै इन्चार्ज एवम् प्रहरी नायव निरीक्षक रेशमलाल पौडेलले केन्द्रले लागूऔषध र एचआईभी एड्स, महिला अधिकार, गाँजा फडानी लगायतका क्षेत्रमा कार्य गर्दै आएको जानकारी दिए । उनले बजेटको र सरोकारवाला निकायको सहयोग तथा समन्वयको अभाव, विद्युतीय सामाग्री, नागरिक सचेतनाको कमि लगायतका कारण कार्य गर्न कठिनाई भएको बताए । सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका अध्यक्ष लालबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला एड्स समन्वय समिति कास्कीका संयोजक पूर्णचन्द्र पौडेल, राष्ट्रिय एचआइभी एड्स महासंघ कास्की संयोजक सुरेश लामा, परिवार नियोजन संघ कास्कीका प्रमुख विष्णु ज्ञवाली, नौलो घुम्ती नेपालका रामचन्द्र सेढाइ, सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीका द्वितीय उपाध्यक्ष ध्रुवबहादुर क्षेत्री, महासचिव विमलबहादुर कार्की, एड्स रोग नियन्त्रण संघ कास्कीका सचिव एवम् नानगानका पश्चिमाञ्चल एक्टिभिष्ट राजन उपाध्याय, सगरमाथा आरोहणको तयारीमा जुटेका एचआइभी सङ्क्रमित गोपाल श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी कास्कीका गणेश कोइराला लगायतले लक्षित वर्गलाई ध्यान दिंदै ‘रोड मोडेल’ विधि अपनाउन सके कार्यक्रमहरु प्रभावकारी हुने बताएका थिए । नानगान र एड्स रोग नियन्त्रण संघ कास्कीले नियमित रुपमा संघ-संस्थाहरुबीच समन्वय र छलफलका लागि यस प्रकारको कार्यक्रम गर्दै आएको छ ।

यसैबीच सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समिति कास्कीले ‘सामुदायिक सन्देश’ नामक त्रैमासिक बुलेटिन प्रकाश गरेको छ । बुलेटिनमा संस्थाले तीनमहिनामा गरेको सम्पूर्ण गतिविधि समेटिएको छ । साथै कास्कीका महत्वपूर्ण र अत्यावश्यक संस्थाहरूको टेदिफोन नम्बर र २०७१ सालको भित्तेपात्रो समेत बुलेटिनमा समावेश गरिएको छ । उक्त बुलेटिन २० पृष्ठको रहेको छ । दुई रङ्गमा प्रकाशित बुलेटिनले यसअघि गरेका कामको समीक्षा, यथार्थ विवरण सार्वजनिक गर्नुका साथै भावी रणनीतिमा समेत महत्वपूर्ण आयाम थपिने विश्वास गरिएको छ । संस्थाको गतिविधि समेटेर बुलेटिन प्रकाशन हुन थालेको ४ वर्ष पूरा भैसकेको छ ।

# विद्यालय भलिबल तालिम पोखरामा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**



कास्की जिल्ला खेलकुद विकास समिति र कास्की जिल्ला भलिबल सङ्घको संयुक्त आयोजनामा सोमबारदेखि पोखरामा विद्यालय भलिबल तालिम शुभारम्भ भएको छ । बाराही उमावि मालेपाटनका प्रधानाध्यापक शिव भण्डारीलाई तीन थान बल तथा एक सेट जाली हस्तान्तरण गरेर शुभारम्भ भएको सो कार्यक्रममा कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन देवकोटाले यो कार्यक्रम पहिलो चरणमा कास्कीका १० विद्यालयमा सञ्चालन गरिने जानकारी दिए ।

उनले प्रत्येक विद्यालयका २० जना विद्यार्थीलाई तालिम दिँदा करिब दुई सय छात्रछात्रालाई भलिबल खेलाडी बनाउन सकिने उद्देश्यले यो कार्यक्रम ल्याएको भन्दै त्यसको लागि भलिबल सङ्घले एक महिनाको लागि निःशुल्क रूपमा कोचको व्यवस्था गरेकोले तालिम फलदायी हुने विश्वास व्यक्त गरे ।

कास्की जिल्ला भलिबल सङ्घका अध्यक्ष भीम पराजुलीले विद्यालय तहबाट भलिबल खेलाडी उत्पादन गर्न यो कार्यक्रमले सघाउने हुँदा यस कार्यमा सहयोग पुऱ्याउन आफूहरूले निःशुल्क कोचको व्यवस्था गर्न लागेको बताए । विद्यालय व्यवस्थापन समितिका सदस्य पुरूषोत्तम पराजुलीले जिल्ला खेलकुद विकास समिति र भलिबल सङ्घले विद्यालयको लागि राम्रो कार्यक्रम ल्याएकोले यसलाई पूर्ण सदुपयोग गर्ने विश्वास दिलाउँदै सहयोगप्रति आभार प्रकट गरे ।

सामग्री ग्रहण गर्दै विद्यालयका प्रधानाध्यापक शिव भण्डारीले यस अवसरलाई सदुपयोग गर्न विद्यार्थीलाई आग्रह गरे । नेपाल खेलकुद पत्रकार मञ्च कास्कीका उपाध्यक्ष प्रेमनारायण न्यौपानेले प्राप्त सामग्री तथा जनशक्तिको सदुपयोग गरेर खेलकुद विकास समिति र भलिबल सङ्घको मन जित्न आग्रह गरे । विद्यालयका प्रधानाध्यापक शिव भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक रामप्रसाद पोखरेलले स्वागत मन्तव्य राखेका थिए भने शिक्षक किशोर अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए ।

# जुनियर राष्ट्रिय ब्याडमिन्टनमा तेस्रो चरणका खेल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**

नेपाल ब्याडमिन्टन सङ्घको तत्वावधान एवं कास्की जिल्ला ब्याडमिन्टन सङ्घको आयोजनामा पोखरामा जारी ३७ औं जुनियर राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता अन्तर्गत सोमबार यु-१५ ब्वाइज सिङ्गल्सतर्फ तेस्रो चरणका खेल सकिएका छन् । नेपाल निर्माण व्यवसायी महासङ्घ प्रतियोगिताको मुख्य प्रायोजनमा भएको प्रतियोगितामा त्रिभुवन आर्मी क्लबका प्रफुल महर्जनले सुर्खेतका अनोजबहादुर शाहीलाई २१-११, १८-२१, २१-१३ तथा कैलालीका अशोक जोशीले ललितपुरका पविन के लिन्थेपलाई २१-१९, १६-२१ र २१-१२ को सेटमा पराजित गरे ।

यस्तै कञ्चनपुरका पुरन भण्डारीले ललितपुरका साइनिङ महर्जनलाई २१-१९, २१-१०, ललितपुरका सुमन शाक्यले काठमाडौंका बामदेव जगरीलाई २१-१८, २१-१८, झापाका गौरव दाहालले कैलालीका अनुप सिंहलाई २१-१५, २१-१७, बाँकेका शिव थापाले कञ्चनपुरका ललित बडुलाई २१-१९, २४-२२ तथा कञ्चनपुरका चिरन विष्टले बाँकेका सरोज अन्सारीलाई २१-१४ र २१-१८ को सोझो सेटमा पराजित गर्दै चौथो चरणमा प्रवेश गरेको कास्की जिल्ला ब्याडमिन्टन सङ्घका सचिव निरबहादुर थापाले जानकारी दिए।

सोमबारदेखि नै भेट्रान्स प्रतियोगिता पनि सुरु भएको छ । भेट्रान्सअन्तर्गत ४५ वर्ष माथि र ५५ वर्ष माथिका २२ टीमको सहभागिता रहेको छ । सहभागिता बढी भएकोले खेल नयाँगाउँस्थित ताङ्वे समाजको हल तथा पोखरा रङ्गशालास्थित ब्याडमिन्टन सङ्घको कभर्ड हलमा सञ्चालन भएका छन् ।

**के तपाईमा यौनसम्बन्धी समस्या छ ???**

**पुरूषमा देखिने**
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरूमा देखिने**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरूषमा हुने -बाँझोपन) निःसन्तानको सफल उपचार**

जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान

**माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक**

नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि

फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१

# राष्ट्रिय उद्योग व्यापार महासंघको सम्मेलन शुरु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**

राष्ट्रिय उद्योग व्यापार महासंघका केन्द्रीय अध्यक्ष शिव कट्टेलले नेपालमा भएको साना व्यवसायीहरु माथि आउन नसक्नु राष्ट्रिय पुँजीपतिहरु मुख्य कारण भएको बताए । नेपाल राष्ट्रिय उद्योग व्यापार महासंघको कास्की जिल्ला सम्मेलनको उद्घाटन गर्दै कट्टेलले राष्ट्रिय पुँजीपतिहरुले सोचे जस्तो नभई साना ब्यबशायिहरुका कारण नै उनीहरुको संरक्षण हुने बताए । पुँजीपतिहरुले साना ब्यापारी र साना उद्योग फस्टाएको हेर्न खोज्दैनन, तर साना लगानीकर्ता र साना उद्योगले नै उनीहरुको पुँजीको विकास भएको छ-उनले भने । नेपलमा भएका स्वदेशी लगानीकर्ताको सुरक्षा र संरक्षणको लागि नेपालका बिप्पा जस्ता लगानि सम्झौता घातक भएको कट्टेलको भनाई थियो । अहिले देशको सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्र अस्तव्यस्त भएकोले साना पुँजी अगाडि नबढेको कट्टेलले बताए

कार्यक्रममा जिल्ला कृषि बिकास कार्यालय बिरौटामा प्रमुख रमेश कोइरालाले कृषि पेशामा लगानीकर्ताहरुले कम मुखाफा पाउने गरेको बताए । उत्पादन गर्नेले भन्दा बीचमा बजारीकरण गर्नेले बढी नाफा लिने परिपाटी हटाउनु पर्ने उनले बताए । राप्रपा कास्कीका उपाध्यक्ष बरुण बिक्रम राणाले राष्ट्रियताका लागि एकताबद्ध हुन आवश्यक रहेको बताए । स्वरोजगार श्रमिक संघका केन्द्रीय सदस्य सूयमोहन सुवेदीले न्यूनवर्गलाई कसरी सेवा दिन सकिन्छ भन्ने बिषयमा जोड दिनुपर्ने उल्लेख गरे । ायक्रममा अखिल नेपाल ट्रेड युनियन महासंघ कास्कीका अध्यक्ष अर्जुन छन्त्याल, नेकपा-माओवादी तमुवान सह(सेक्रेटरी चुमानले संबोधन गरेका थिए । सम्मेलनले नयाँ नेतृत्व चयन गर्नेछ । सम्मेलनमा ४ सय प्रतिनिधि पर्यवेक्षक सहभागी छन ।

# जनप्रिय क्याम्पसलाई ज्ञापनपत्र

**पोखरा २९ वैशाख ।(गोल्डेन)**

अनेरास्ववियु जनप्रिय बहुमुखी क्याम्पस कमिटीले छात्रवृत्ती वितरण पारदर्शी साथसाथै गरिब र जेहेन्दार विद्यार्थीको पक्षमा हुर्नुपर्ने भन्दै सोमबार क्याम्पस प्रमुख विरञ्जी गौतम समक्ष ज्ञापनपत्र बुझाएको छ । अनेरास्ववियु जनप्रिय क्याम्पस कमिटी अध्यक्ष संगम बराल र सचिव दिपन ढकालको हस्ताक्षरीत पत्रलाई अनेरास्ववियु जिल्ला कमिटी सचिवालय सदस्य तथा जनप्रिय ईन्चार्ज क्षितिज पौडेलको नेतृत्वमा रहेको क्याम्पस कमिटी सहितको टोलिले क्याम्पस प्रमुखलाई उक्त ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्रलाई अनेरास्ववियु क्याम्पस कमिटी सचिव दिपिन ढकालले पढेर सुनाएका थिए । ज्ञापन पत्रलाई बुझ्दै क्याम्पस प्रमुख गौतमले छात्रवृत्ति वितरण पक्रियामा कुनै अपादर्शी नहुने भन्दै यस विषयमा ढुक्क हुन् अनेरास्ववियुका विद्यार्थीहरुलाई आग्रह गरेको अनेरास्ववियु जनप्रिय क्याम्पस कमिटी अध्यक्ष संगम बरालले बताए ।

साथै उनले यदी छात्रवृत्ती वितरणमा पहिलेको जस्तै मनोमानी गरी गरिब तथा जेहेन्दार विद्यार्थीलाई पाखा लगाइन्छ भने आन्दोलन गर्ने चेतावनी पनि दिएका छन् ।

# कास्की फाइनान्सको शाखा तनहुँको ढोरफिर्दीमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २९ वैशाख ।**

कास्की फाइनान्स लिमिटेडले आफनो दशौं कार्यालय तनहूंको ढोरफिर्दी गा.वि.स. वडा नं ३ स्थित गणपते वजारमा स्थापना गरि सोमवार देखि कारोवार शुभारम्भ गरेको छ । वित्तीय संस्थाको उद्देश्य शहरमुखी मात्रै नभै ग्रामिण क्षेत्रमा वैकिङ्ग सेवा विस्तार गर्दै जाने, पिछडिएका वर्ग एवं समुदायलाई लक्षित गरि रोजगारीको सृजना साथै कृषि, पशुपालन र पर्यटन क्षेत्रमा प्राथामिकता साथ लगानी गर्ने प्रमुख कार्यकारी अधिकृत तोयराज अधिकारीले बताए ।

वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी रु २४ करोड ७ लाख ४४ हजार , निक्षेप रु. २ अर्व १० करोड तथा रु १ अर्व ९४ करोड कर्जा लगानी रहेको जनाएको छ । उक्त संस्थाले आर्थिक वर्ष २०७०/०७१ को चैत्र मसान्त सम्म रु ५ करोड २० लाख रुपैयाँ संचालन मूनाफा आर्जन गर्न सफल भएको थियो । वित्तीय संस्थाले केन्द्रिय कार्यालय सहित पोखराको अमरसिंह चोक, पार्दी(विरौंटा, दिप पोखरा, तनहुँको दमौली, लमजुङ्गको दुईपिप्ले बजार, धादिङ्गको धादिङ्गबेसी, नवलपरासीको प्रगतिनगर तथा चितवनको भरतपुर गरी ९ शाखा बाट सेवा प्रदान गरिरहेकोमा थप एक एक्सटेन्सन कार्यालय गरी अव कुल १० स्थानवाट सेवा प्रदान गर्नेछ । समुदायमा रहेका विभिन्न वर्ग तथा संस्थालाई लक्षित गरी शुन्य मौज्दातमा नै खाता खोल्न सकिने गरी विभिन्न किसिमका वचत खाताहरु संचालनमा ल्याएको छ ।

तपाईले पढ्नै पर्ने पत्रिका
गोल्डेन न्यूज दैनिक
तपाईले सुन्नै पर्ने एफ.एम.
sunaulo fm 102.2

**नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा**

**के तपाईसंग पुराना कम्प्युटरहरू छन् ?**

पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।

नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

**Online Computer Institute**

न्यूरोड ९, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)

सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२







सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा

pdf file.pmd 4 5/14/2014, 1:49 PM